
AEC
Australian Electoral Commission

# मतदानको लागि कसरी नाम दर्ता गर्ने?

पढ्न सजिलो गाइड

Easy Read




Nepali | नेपाली

# यो गाइडको प्रयोग कसरी गर्ने




यो गाइड अष्ट्रेलियाको निर्वाचन आयोग (Australian Electoral Commission) (AEC) ले तयार पारेको हो। जब तपाईंले ‘हामी’ शब्द देख्नुहुन्छ, त्यसले AEC लाई जनाउँछ।

हामीले यो गाइड पढ्न सजिलो तरिकाले लेखेका छौँ।

केही कुराहरू स्पष्ट पार्न हामी चित्रहरूको प्रयोग गर्छौं।




हामीले केही शब्दहरू ‘**मोटो**’ गरेर लेखेका छौँ। हामी यी शब्दहरूको मतलब व्याख्या गर्छौं। यी शब्दहरूको सूची पृष्ठ १६ मा छ।



यो गाइड पढ्नको लागि तपाईंले सहायता माग्न सक्नुहुन्छ। साथी, परिवारको सदस्य वा सहयोगी व्यक्तिले तपाईंलाई मद्दत गर्न सक्नेछन्।

# यो गाइडमा के छ?


| | |
|---|---|
| निर्वाचनमा मतदान | 4 |
| मतदानका लागि नाम दर्ता | 6 |
| त्यसपछि के हुन्छ**?** | 12 |
| यदि तपाईं घर सर्नुभयो भने के गर्ने **?** | 13 |
| के तपाईं पहिल्यै मतदाता नामावालीमा हुनुहुन्छ**?** | 14 |
| तपाईंले कसरी थप जानकारी पाउन सक्नुहुन्छ**?** | 15 |
| शब्दसूची | 16 |
| हामीलाई सम्पर्क गर्नुहोस् | 17 |

# निर्वाचनमा मतदान




अष्ट्रेलियामा प्रत्येक ३ वर्षमा **संघीय निर्वाचन** हुने गर्छ।



संघीय निर्वाचन पूरै देशको लागि हो।



यसरी हामी अष्ट्रेलियाको सरकारको छनौट गर्दछौँ।




गभर्नर-जनरलले निर्वाचनको मिति तोक्दछन्।

निर्वाचनको दिन शनिबार हुनेछ।



त्यो दिन अष्ट्रेलियाका जनताले **मतदान** गर्नेछन्।

जब तपाईं मतदान गर्नुहुन्छ, तपाईंले अष्ट्रेलियाको सरकारमा सहभागी हुनेहरू छनौट गर्न मद्दत गर्नुहुन्छ।




तपाईंले अनिवार्यरूपमा मतदान गर्नु पर्नेछ, यदि तपाईं:

- अष्ट्रेलियाको **नागरिक** हुनुहुन्छ।
  र
- १८ वर्ष वा बढी उमेरको हुनुहुन्छ।



नागरिक त्यो हो जसलाई उनीहरू बस्ने देशको अधिकार र स्वतन्त्रता दिइएको हुन्छ।




मतदान गर्नाले तपाईंलाई कसले देश चलाउने भन्नेबारे आफ्नो धारणा राख्न दिन्छ।




यदि तपाईंले पहिले मतदान गर्नुभएको छैन भने चिन्ता नगर्नुहोस्।



हामी तपाईंले के गर्नुपर्छ बुझाउछौँ।

# मतदानका लागि नाम दर्ता




तपाईंले मतदान गर्न पाउनअघि तपाईले आफ्नो नाम **दर्ता** गर्नुपर्छ।




जब तपाईंले नाम दर्ता गर्नुहुन्छ, हामी तपाईंको **नाम मतदाताहरू** - मतदान गर्ने सक्ने व्यक्तिहरू - को सूचीमा राख्दछौँ।

यो सूचीलाई **मतदाता नामावली** भनिन्छ।




मतदाता  नामावलीमा दर्ता हुन तपाईंले दर्ता फाराम भर्नुपर्छ।




यदि तपाईं १८ वर्ष पुग्न लाग्नुभएको छ भने तपाईंले आफ्नो नाम दर्ता गर्न सक्नुहुन्छ।

जब तपाईं १८ वर्ष पुग्नुहुन्छ, तपाईं मतदान गर्न तयार हुनुहुनेछ।




तपाईंले निम्न माध्यमबाट दर्ता फाराम भर्न सक्नुहुन्छ:

- अनलाइन
- कागजी माध्यमबाट।




तपाईंले जुनसुकै समयमा मतदानका लागि नामदर्ता गर्न सक्नुहुन्छ।

तर निर्वाचनमा मतदान गर्न तपाईंले मतदाता नामावली बन्द हुनुअघि दर्ता गर्नुपर्छ।




मतदाता नामावली गभर्नर-जनरलले निवार्चनको मिति तय गरेको एक हप्तापछि बन्द हुन्छ।




यदि तपाईंले मतदाता नामावली बन्द हुनुअगाडि दर्ता गर्नुभयो भने, तपाईं मतदान गर्नबाट छुट्नुहुन्न।

# अनलाइन नाम दर्ता




तपाईंले अनलाइन मतदानको लागि नाम दर्ता गर्न हाम्रो वेबसाइट हेर्न सक्नुहुन्छ।

**www.aec.gov.au/enrol**

त्यहाँ एउटा बटन हुन्छ जसले भन्छः ‘Enrol online’ (अनलाइन दर्ता गर्नुहोस्)



तपाईंले केही प्रश्नहरूको उत्तर दिनु पर्छ।




तपाईंलाई आफ्नो परिचयको प्रमाण मागिनेछ, जस्तै:


- सवारीचालक अनुमतिपत्र
- पासपोर्ट।



मतदाता नामावालीमा भएका अरू कोहीले पनि उनीहरूले तपाईंलाई चिन्ने प्रमाण दिन सक्छन्।



यदि चाहनुहुन्छ भने, तपाईंले कोहीसँग सहायता माग्न सक्नुहुन्छ।




जब तपाईंले पुरा फाराम भर्नु हुन्छ,तपाईंले एउटा बटनलाई थिच्नु पर्छ जसले भन्छः ‘Submit’ (बुझाउनुहोस्)

# कागजी माध्यमबाट दर्ता




कागजी माध्यम मार्फत नाम दर्ता गर्न तपाईंले दर्ता फाराम भर्नुपर्छ।




AEC को कुनै पनि कार्यालयमा तपाईंले दर्ता फाराम पाउन सक्नुहुन्छ।



यदि हामीलाई सम्पर्क गर्नुभयो भने हामी तपाईंलाई हुलाकबाट दर्ता फाराम पठाउन सक्छौँ।

हाम्रो फोन नम्बर होः **13 23 26**



तपाईंले केही प्रश्नहरूको उत्तर दिनु पर्छ।




तपाईंलाई आफ्नो परिचयको प्रमाण मागिनेछ, जस्तै:

- सवारीचालक अनुमतिपत्र
- पासपोर्ट।



मतदाता नामावालीमा भएका अरू कोहीले पनि उनीहरूले तपाईंलाई चिन्ने प्रमाण दिन सक्छन्।



यदि चाहनुहुन्छ भने, तपाईंले कोहीसँग मद्दत माग्न सक्नुहुन्छ।




तपाईंले फाराम भरिसके पछि तपाईंले त्यो फाराम हामीलाई पठाउनु पर्नेछ।

तपाईंले फाराम बुझाउनः




- निम्न ठेगानामा हामीलाई पठाउनुहोस्:

  AEC

  Reply Paid 9867


  तपाईंको राज्यको राजधानी (Capital City)

  तपाईंले हुलाक टिकट लगाउनु पर्दैन।




- AEC को कार्यालयमा लैजानुहोस्
  यदि तपाईंले हामीलाई फोन गर्नुभयो भने हामी तपाईंको नजिकैको AEC को कार्यालय पत्ता लगाउन सहायता गर्न सक्छौँ।

  **13 23 26**




- यसलाई स्क्यान गर्नुहोस् र हाम्रो वेबसाइटमा अपलोड गर्नुहोस्।

  **www.aec.gov.au/return**

# त्यसपछि के हुन्छ?




तपाईंले नाम दर्ता गरेको केहि हप्तापछि हामी तपाईंलाई एउटा चिठी पठाउनेछौँ।




चिठीले तपाईंको नाम मतदाता नामावालीमा थपिएको जानकारी दिनेछ।



यसको मतलब तपाईंले संघीय निर्वाचनमा मतदान गर्न सक्नुहुन्छ।

# यदि तपाईं घर सर्नुभयो भने के गर्ने ?



तपाईंले हरेक पटक बसाइँ सर्दा हामीलाई सूचित गर्नु पर्नेछ।




यसले हामीलाई मतदाता नामावाली अद्यावधिक राख्न मद्दत गर्दछ।



यदि तपाईं नयाँ घरमा सर्नुभयो भने, कृपया नयाँ दर्ता फाराम भर्नुहोला।

# के तपाईं पहिल्यै मतदाता नामावलीमा हुनुहुन्छ?



यदि तपाईं पहिल्यै नै मतदाता नामावलीमा हुनुहुन्छ भने त्यो पत्ता लगाउन सजिलो हुन्छ।

तपाईंले फाराम बुझाउनः




- हाम्रो वेबसाइट हेर्नुहोस्
  **www.aec.gov.au/check**




- हामीलाई **13 23 26** मा फोन गर्नुहोस् र हामी तपाईंको लागि जाँच गर्नेछौँ।



- AEC कार्यालयमा जानुहोस् र हामी तपाईंका लागि जाँच गर्नेछौँ।

# तपाईंले कसरी थप जानकारी पाउन सक्नुहुन्छ?




यदि तपाईंलाई मतदानबारे थप जान्नु छ भने हामीसँग तपाईंले पढ्नसक्ने अरू २ वटा गाइडहरू  छन्:

- *मतदान स्थलमा कसरी मतदान गर्ने?*
- *हुलाकबाट कसरी मतदान गर्ने?*




तपाईंले यी गाइडहरू हाम्रो वेबसाइटमा भेट्टाउनु हुन्छ।

**www.aec.gov.au/assistance**




हामीसँग हाम्रो वेबसाइटमा अंग्रेजीबाहेक अरू भाषा बोल्ने मानिसहरूको लागि पनि जानकारी उपलब्ध छ।

# शब्दसूची



**नागरिक**

नागरिक त्यो हो जसलाई उनीहरू बस्ने देशको अधिकार र स्वतन्त्रता दिइएको हुन्छ।




**मतदाता नामावली**

मतदाताहरूको सूची।




**नाम दर्ता**

जब तपाईं नाम दर्ता गर्नुहुन्छ हामी तपाईंको नाम मतदाताको सूचीमा राख्छौँ।



**संघीय निर्वाचन**

संघीय निर्वाचन पूरै देशको लागि हो।

यसरी हामी अष्ट्रेलियाको सरकारको छनौट गर्दछौँ।



**मतदान**

जब तपाईं मतदान गर्नुहुन्छ, तपाईंले अष्ट्रेलियाको सरकारमा सहभागी हुनेहरू छनौट गर्न मद्दत गर्नुहुन्छ।



**मतदाता**

मतदान गर्न योग्य मानिसहरू।

# हामीलाई सम्पर्क गर्नुहोस्

राष्ट्रिय प्रसारण सेवा (National Relay Service) (NRS)

टि.टि.वाइ. (TTY) प्रयोगकर्ताहरू:

- 13 36 77 मा फोन गर्नुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

भन्ने र सुन्ने प्रयोगकर्ताहरू:

- 1300 555 727 मा फोन गर्नुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

इन्टरनेट प्रसारण प्रयोगकर्ताहरू:

- एन. आर.एस. (NRS) मा जोडिनुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

अन्य भाषाहरू:

- 1300 720 153 मा फोन गर्नुहोस्

**www.aec.gov.au**

**/AusElectoralCom/**

**@AusElectoralCom**

**@AusElectoralCom**

इन्फरमेशन एक्सेस ग्रुप (Information Access Group) ले स्टक फोटो र विशेष चित्रहरूको प्रयोग गरेर यस पढ्न सजिलो गाइड  तयार गरेको छ। अनुमतिबिना चित्रहरू पुन: प्रयोग गर्न पाईंदैन। चित्रबारे कुनै पनि सोधपुछका लागि **www.informationaccessgroup.com** मा जानुहोस्।

कामको नम्बर 3035-A उल्लेख गर्नुहोस्।

निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, क्यानबेरा | Authorised by the Electoral Commissioner, Canberra